स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालमा फरक धारका फिल्मलाई व्यापारिक हिसाबले उतिधेरै सुरक्षित मानिँदैन । यसैले बजारमा जे चलेको छ, त्यसैमा लगानीको ओइरो लाग्छ । जसले गर्दा फरक विषयमा विरलै फिल्म बन्छन् । यही शुक्रबार अर्थात् भदौ २१ गते (तीजको दिन)बाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म 'देवी'ले पनि सुरुवातमा निर्माता पाएको थिएन । किनकि यसको कथा बजारबाट निर्देशित थिएन ।

**आजको विचार...**



जोगाऔं... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



आगामी कातिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को टिजर सार्वजनिक गरिएको छ। आइतबार सार्वजनिक करिब २ मिनेट लम्बाईको टिजरमा बाबु-छोराबीचको भावनात्मक सम्बन्धलाई देखाइएको छ। छोराका लागि बाबुले गरेको त्याग र देखेको सपनाको कथामा फिल्म केन्द्रित रहेको टिजरले प्रस्ट्याउन खोजेको छ। टिजर मर्मस्पर्शी छ । अभिनेता विजय बरालको दाह्री-जुँगा सेतै फूलेका छन् । गरिबीका कारण सारङ्गी रेट्दै गाउँ-गाउँमा पुग्छन्।

❐ वर्ष ३० ❐ अंक ४९ ❐ २०८१ भदौ १८ गते मंगलबार 3 September 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## मनाइयो कुशे औँशी

# हराउँदै घर-घरमा कुश भित्र्याउने प्रचलन



**रामचन्द्र रायमाझी**

**पाल्पा**, भदौ १७/ भाद्र कृष्ण औँशीका दिन मनाइने कुशे औँशी पर्व सोमबार देशभरका वैदिक सनातन धर्मावलम्वीले मनाएका छन् । वर्षभरि देवकार्य तथा पितृकार्यमा प्रयोग गरिने पवित्र कुश घर-घरमा भित्र्याएर यो पर्व मनाइँएको हो ।

शास्त्रोक्त विधिअनुसार ब्राह्मणद्वारा पूजा गरी उखेलेर जजमानकहाँ पुर्याइएको कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ । यस दिन उखेलिएको कुश वर्षभर प्रयोग गर्न सकिने र अरु दिन उखेलिएको कुश त्यसै दिन मात्र उपयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको पाइन्छ । तर हिजो आज कुशे औंसीका दिन घर-घरमा कुश भित्र्याउने प्रचलन भने हराउँदै जान थालेको छ । विगतका वर्षहरुमा गुल्मी र पाल्पाका घरहरुमा कुशे औंसीका दिन पुरोहितहरु कुश लिएर पुग्ने गर्थे । पुरोहितले पूजाआजासहित मन्तर जपेर चोखो गरी ल्याएको कुश घरको ढोका अगाडि पालीमा सिउरिएर छोडेपछि घरमा वर्षभरी पर्ने देवकार्य तथा पितृकार्यमा त्यहीँ कुश प्रयोग गर्ने गरिन्थ्यो । तर हिजोआज भने पुराना पुस्ताका पुरोहितहरुको निधन हुनु, भएकाहरु अशक्त हुँदै जानु र नयाँ पुस्ताका पुरोहितहरुले त्यसप्रति चासो नदेखाउँदा औंसीका दिन कुश भित्र्याइने चलन हराउँदै जान थालेको हो । पहिलेदेखि नै मान्दै आएका पुरोहितको ३ वर्ष अघि मृत्यु भएपछि घरमा कुश भित्र्याउन छोडिएको तानसेन भवगतीटोलका महेश थापाले बताए । उनले भने 'पहिले-पहिले त कुशे औंसीका दिन घरकै पुरोहित कुश लिएर ढोकामै राखिदिन्थे, उनको निधन भएपछि छोराहरुले वास्ता गर्न छोडे ।' हिजोआज पुरोहित आउन छोडेपछि पूजाआजा र पितृकार्यमा कुश खोज्न हिड्नु परेको गुल्मी इस्मा- २ रातडाँडाका वीरबहादुर मल्लले बताए । उनले भने 'पहिले पहिलेका पुरोहितहरु आफै जानेर आउन्थे तर हिजो आजकाहरुले त्यो झिंजो मान्दा रहेछन् ,घर-घरमा पूजा तथा पितृकार्य गर्दा आजभोली त हामी बाहिरबाट कुश खोजेर ल्याउने र पुरोहितलाई नै पूजाका दिन कुश लिएर आउन भन्छौं ।' थापा र मल्लको घरमा मात्र होइन आजभोलि पाल्पा र गुल्मीका धेरैजसोको घरमा कुश भित्र्याउने चलन हट्दै गएको छ । कुश ल्याउने पुरोहितहरु नै नहुँदा परम्परागत कुश भित्र्याउने चलन विस्तारै हराउँदै जान थालेको हो । कुश धार्मिक र वातावरणीय दृष्टिकोणले समेत अत्यन्त महत्वपूर्ण वनस्पति हो । पितृकार्यदेखि लिएर देवीदेवताको पूजाआजा अभिषेक, प्राणप्रतिष्ठा आदि कार्यमा कुश मिश्रित जलप्रयोग चोखोनितो गर्न प्रयोग गरिने भएकाले कुशको धार्मिक महत्व रहेको छ । पुराणहरूमा कुशलाई अन्य देवतासँग जोडिएको छ ।

जुन ब्रह्माण्डको सृष्टिकर्ता भगवान् ब्रह्माले आफ्नो सृष्टि अनुष्ठान गर्न कुशको प्रयोग गरेको विश्वास गरिन्छ । वैदिक ऋषिहरूले कुशलाई आफ्नो तपस्या र यज्ञमा प्रयोग गरेको भनिन्छ । कुशे औंशीका दिन बुवाको मुख हेर्ने दिन समेत पर्दछ । सोमबार छोराछोरीले परम्पराअनुसार आ-आफ्ना बुबालाई मन पर्ने मिठाइ तथा भोजन खुवाइ आदर सम्मान प्रकट गरी बाबुको मुख हेर्ने पर्व मनाएका छन् । बुबा नहुनेले विभिन्न पवित्र स्थानमा गई आफ्ना बुबाको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिन्छन् । भाद्रकृष्ण औंसीका दिनमा तर्पण, सिदादान र पिण्डदान गर्नाले २१ पुस्ता अघिदेखिका पितृहरू तर्दछन् भन्ने धार्मिक विश्वास रहेको छ ।

## सक्षिप्त समाचार

### बाढीले ५९ जनाको मृत्यु

**रासस/एएनआई**

**ढाका,** भदौ १७/बङ्गलादेशमा बाढीका कारण ११ प्रभावित जिल्लामा कम्तीमा ५९ जनाको मृत्यु हुनुका साथै ५३ लाखभन्दा बढी मानिस प्रभावित भएको द डेली स्टारले जनाएको छ । द डेली स्टारका अनुसार कम आय भएका किसानहरूले बाली नालीका साथै बाढीका कारण घरलगायत जीविकोपार्जनको आधारसमेत गुमाएका छन् । बाढीले आफ्नो माटोको घर बगाएपछि बस्ने ठाउँ नभएकाले छिमेकीकोमा शरण लिनुपरेको मौलवीबाजारको कुलौरा उपजिल्लाको मिरपारा गाउँकी ६५ वर्षीया तबाह नुरुन बेगमले बताइन् । वर्षापछिको बाढीले मनु नदीको किनारमा तटबन्ध भत्किँदा घर पानीमा डुबेकाले हाल बाढीको पानी घटे पनि क्षतिग्रस्त घर फर्कन नसकेको सोही गाउँका अटोरिक्शा चालक सुजान मियाले बताइन् । मिरपाराका बासिन्दा जमशेद अलीले एक मात्र आम्दानीको स्रोत तरकारी बगैंचा बगाएकाले परिवार कसरी बचाउने भन्ने चिन्ता भएको उल्लेख गरे । मौलवीबाजार जिल्ला राहत तथा पुनर्वास अधिकारी मोहम्मद सादु मियाका अनुसार जिल्लामा हालै आएको बाढीबाट करिब आठ हजार सात सय ८६ घर क्षतिग्रस्त भएका छन् । उनले बाढी पीडितको पुन:स्थापनाको माग गर्दै सम्बन्धित उच्च अधिकारीहरूलाई पत्र पठाएको बताए । बाढीले घर तथा घरका सबै फर्निचरहरू बगाएकाले मर्मतका लागि पैसा नभएकाले आफ्नो परिवारले आफन्तकोमा शरण लिएको बुरिचाङ उपजिल्लाको मोहिस्मारा गाउँका बासिन्दा एमए आजिमले बताए ।बुरिचाङ उपजिल्लाकी निर्बाही अधिकारी (युएनओ) शाहिदा अख्तरले यस क्षेत्रमा करिब ४० हजार घर क्षतिग्रस्त भएको जानकारी दिए ।

# स्कुटर दुर्घटना हुँदा चालकको मृत्यु





**पाल्पा,** भदौ १७/जिल्लाको रामपुरमा स्कुटर दुर्घटना हुँदा चालकको मृत्यु भमएको छ । सोमबार विहान रामपुर नगरपालिका- १० बर्दलेस्थित कालिगण्डकी करिडोर पक्कि सडक खण्डमा बर्दलेबाट रामटारतर्फ जाँदै गरेको लु ४४ प २४३९ नम्बरको स्कुटर दुर्घटना हुँदा रामपुर-१० गेझाका ४० वर्षीय यमबहादुर खरु मगरको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारका लागि रामपुर अस्पताल लगिएकोमा चेक जाँचपछि डाक्टरले मृत घोषण गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए ।

स्कुटर आफै अनियन्त्रित भई सडक किनारमा रहेको डिभाईडरको पोलमा ठोकिन गई दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

# काँग्रेस पाल्पाले दिवंगत कोइरालाको स्मृतिमा श्रद्धाञ्जली सभा गर्ने





**पाल्पा,** भदौ १७/नेपाली काँग्रेस पाल्पाले पार्टीका पूर्व जिल्ला सभापति ठाकुर चन्द्र (विप्र) कोइरालाको निधनमा शोक प्रस्ताव पारित गरेको छ । सोमबार तानसेनस्थित पार्टी कार्यालयमा बसेको जिल्ला कार्यसमितिको २७ औं बैंठकले प्रजातन्त्र सेनानी तथा पूर्व सभापति कोइरालाको निधनप्रति दु:ख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको हो ।

बैंठकले शोक प्रस्ताव पारित गरेसँगै यही भदौं १९ गते विशेष श्रद्धाञ्जली सभा आयोजना गर्ने निर्णय गरेको छ । दिवंगत कोइरालाको सातौं दिनको पूण्य तिथिमा उनकै निवास तानसेन-६ बर्तुङ्गमा बुधबार अपराह्न्न १२ बजे श्रद्धाञ्जली सभा गर्ने निर्णय भएको जिल्ला सभापति हिमालदत्त श्रेष्ठले एनजेडीलाई जानकारी दिए । उनका अनुसार संघीय सांसद एवं काँग्रेसका केन्द्रीय सदस्य डा. चन्द्र भण्डारीको प्रमुख आतिथ्यतामा जिल्ला, प्रदेशका नेताहरुको उपस्थितिमा सभामा हुने छ । सभाका लागि नगर कार्यसमिति र वडा कार्यसमितिलाई जिम्मा दिइएको छ । जसमा मञ्च व्यवस्थापनका लागि वडा कार्यासमिति र प्रचार-प्रसारका लागि नगर समितिलाई जिम्मा दिने निर्णय भएको पार्टी सभापति श्रेष्ठले एनजेडीसँगको कुराकानीमा बताए ।

यस्तै बैंठकले दिवंगत कोइरालाको जीवनी समेत संकलन गर्ने भएको छ । जसका लागि पूर्व जिल्ला सचिव यमलाल तिमिल्सीनालाई जिम्मा दिने निर्णाय बैंठकले गरेको छ । तिमिल्सीना कोइराला जिल्ला सभापति हुँदा सचिव थिए । कोइरालाको निधनको शोकमा दुई दिन पार्टी कार्यालय बन्द र तीन दिनसम्म पार्टीको झण्डा आधा झुकाइएको काँग्रेसले जनाएको छ । बैंठकले सोमबारदेखि कार्यालयमा शोकपुस्तिका राख्ने निर्णय पनि गरेको छ ।

नेपालको लोकतान्त्रिक आन्दोलनका एक अथक योद्धा विप्रको ८५ वर्षको उमेरमा गत विहीबार निधन भएको थियो । वि.स. १९९६ भाद्र ३० गते पाल्पामा जन्मिका कोइराला २०४८ देखि २०५२ सम्म नेपाली काँग्रेस पाल्पाको सभापति थिए । पार्टीको विभिन्न तहमा रही कार्य गरेका स्वर्गीय कोइराला संगठन निर्माणको क्रममा वि.सं. २०१५ मा युवा काँग्रेस पाल्पाको अध्यक्ष बनेका थिए ।

*-बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## एक दिन होइन आजीवन बुवाको मुख हेरौँ

**भाद्र कृष्ण औँसी अर्थात् कुसेऔँसीका दिन धेरैले आफ्ना जन्म/कर्मदादातालाई मुख हेरेर बाबुको मुख हेर्ने पर्व मनाएका छन् । हुन त हरेक औँसीलाई दिवंगत पितृहरूको नाममा श्राद्ध–तर्पण तथा दान गर्ने विशेष दिनका रूपमा लिइन्छ तर यो औँसीमा भने दिवंगत मात्र नभएर जीवित बाबुको पनि सम्मान गरिन्छ । यो पर्व आफैमा राम्रो छ । आफूलाई जन्म दिएर हुर्काएर, पढाएर सक्षम पार्ने बाबुलाई देवता सम्झेर श्रद्धा भक्तिपूर्वक मान्नु र पूज्नु सम्पूर्ण छोराछोरीको मुख्य कर्तव्य हो । यस दिन आफूलाई जन्म दिने बाबुलाई विभिन्न थरिका मिठाई र फलफूल खुवाई मान्ने गरिन्छ । पितालाई अरू समयमा वास्ता नगर्ने सन्तानहरू पनि यस दिन मीठा–मीठा खानेकुरा तथा कपडा लिएर बाबुको मुख हेर्न पुगे । यसलाई सकारात्मक रुपमा लिए पनि एक दिन मात्र गरिएको सम्मानले पिताप्रतिको सच्चा सम्मान भने हुन सक्दैन । पिताको सेवा र सम्मान गर्दा जतिको पुण्य कुनै यज्ञबाट सम्भव छैन ।**

**बाबुआमाको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामुढामाथि भन्ने उखान पनि हाम्रो सन्दर्भमा जीवितै नभएको होइन । छोराछोरीको कर्तव्य भनेको आफ्ना जन्मदिने बुबाआमालाई जहिले सेवा गर्नुपर्छ नकि भेट्नको लागि कुशे औंशी कुर्ने होइन । जब बुबाआमा खुसी हुन्छन् अनि आफ्नो घर परिवार सबै खुसी हुन्छ । हिजो आफू कसरी हुर्कियो, बुबाआमाले कति दुःख र संघर्ष गरे हुर्काए, पढाए आज ती कुरालाई सम्झनु पर्छ र कहिल्यै आँखामा आँसु आउन दिनु हुन्न । कुशे औंसीका दिनलाई बुबाको मुख हेर्ने दिन मात्र होइन बुबाको मुहारमा खुसी छ कि छैन अथवा किन ल्याउन सकिएन भनेर चिन्तन गर्ने र आजीवन बुबाको अनुहारमा खुसीछर्ने प्रतिवद्धता जनाउने दिन हो । औंसी अर्थात् अँध्यारो । आफ्ना सन्तानको जीवनमा कहिल्यै औंसीको रातजस्तो अन्धकार क्षण नआओस् भनेर जीवनभर कर्म गरेर सन्तानको खुसी चाहने जन्मदाता बुबाको मुहारमा कतै हाम्रो व्यवहार र शब्दले कुनै पीडा त दिएको छैन ? भनेर विशेष मूल्यांकन गर्ने दिन हो । हामीलाई असल सन्तानको परिचय तब मिल्छ जब हामीमा बुबाको जस्तै निःस्वार्थ भाव कायम रहन्छ । तसर्थ एक दिन कुसे औंसीका दिन मात्र हैन हरेक दिन नै बुबाको मुख हेर्ने दिन मनाऔं ।**

## Opinion @ Social Network

धन सम्पत्ति होस नहोस तर
इज्जत र इमानदारीता दुबै तर्फ भरिपुर्ण होस ।
*(निर्मला कुमालकोफेसबुक स्टाटसबाट https://www.facebook.com/kumal.nirmala)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जोगाऔं तिज पर्वको मौलिकता



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

तिज नेपाली हिन्दु महिलाहरुको महान चाड हो । भाद्र शुक्ल तृतीयाको दिन शिवको आराधना र नाचगान गरेर धुमधामका साथ यो पर्व मनाउने गरिन्छ । पितृसतात्मक पारिवारीक अवस्था रहेको नेपालका लागि घर भित्र मात्रै खुम्चिएर बस्ने महिलाहरुलाई बाहिर ल्याउन र पिर मर्का अरु समक्ष राख्न प्रेरित गर्ने पर्व पनि हो यो । परम्परा र सांस्कृतिक महत्व राखेको यो पर्व हाम्रो घर आगनमा आउन थालिसकेको छ । हिजो कुनै जाती, भाषा, धर्म, लिङ्ग र क्षेत्रमा मात्रै सिमित यो पर्व आज सबै नारीहरु बिच एकताको पर्वको रुपमा रहेको छ । हिजो महिलामा मात्रै सिमित यो पर्व आज पुरुषहरुमा पनि उत्तीकै महत्व रहेको देखिन्छ । दिदी बहिनीहरुसँग भेटको रुपमा यस पर्वको वैज्ञानिक सम्बन्ध रहेको देखिन्छ । आज भोली पर्व मनाउने आधुनिकताको नाममा यसको परम्परागत महत्व नै संकटमा पर्ने हो की ? एक प्रकारको चिन्ता पनि देखिन थालेको छ । यस पर्वको साँस्कृतिक ,मौलिक र धार्मिक पक्षलाई जोगाउनु हामी सबैको कर्तव्य पनि हो । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**परम्परा र धार्मिक पक्ष :**

तिज सदियौंदेखि चल्दै आएको नेपालको मौलिक र जीवन्त संस्कृत्ति हो । यो हाम्रो वैदिक सनातन धार्मिक परम्परा पनि हो । स्कन्दपुराणमा उल्लेखित कथन अनुशार राजा हिमालयले आफ्नी छोरी पार्वतीको कन्यादान भगवान् विष्णुसँग गरिदिने वचन दिएका थिए तर पार्वतीलाई विष्णु भगवानसँग विवाह गर्न मन नपरेपछि आफूले मन पराएको वर पाउन जङ्गलमा गएर शिवजीको कठोर तपस्या गरेको एक सय वर्ष पुरा हुँदा पनि आफूले गरेको तपस्याको फल नपाए पछि एक दिन उनले बालुवाको शिव लिङ्ग स्थापना गरी निराहार व्रत बसिन् । यसरी पार्वती कठोर ब्रत बसेका कारण शिव भगवान प्रकट भै चिताएको कुरा पुराहोस् भनेर आर्शिवाद दिएको र सोहि आर्शिवादकै कारण शिव पार्वतीको विवाह हुन् पुग्यो भन्ने किम्वदन्ती पाइन्छ । उक्त दिन भाद्र शुक्ल तृतीयाका दिन पर्ने र सोहि दिनको सम्झनामा हिन्दु नारीहरुले हरीतालीका तिज पर्वको रुपमा मनाउँदै आएको धार्मिक कथनबाट थाहा पाउन सकिन्छ । यहि धार्मिक मान्यताका आधारमा तिजको अघिल्लो दिन शक्ति प्राप्तिका लागि मिठो र अडिलो परिकारका रुपमा दर खाने र अर्को दिन विवाहित महिलाले आफ्ना श्रीमानको दीर्घायु र सुस्वाध्यको कामना गर्दै र अविवाहीत महिलाले राम्रो र सुयोग्य वर पाउँ भनी व्रत बस्ने चलन रहेको छ । यस पर्वमा विशेष गरेर भगवान शिवको आराधाना गर्नुका साथै, नाचगान र मिठो मसिनो खानका लागि आफ्ना दिदि बहिनीलाई घरमा निम्त्याउने परम्परा समेत रहेको छ ।

तिज पर्व नेपाल लगायत भारतका विभिन्न स्थानमा पनि मनाउने गरेको पाईन्छ । जहाँ हिन्दु नेपालीको बाहुल्यता रहेको छ त्यहाँ यो पर्व मनाउने गरिन्छ । हाल नेपालीहरु विश्वका धेरै देशका स्थायी र अस्थायी रुपमा बसोबास गर्ने प्रवृत्ति बढ्दै गएकाले यो पर्व नेपालमा मात्रै नभएर धेरै देशहरुमा धुमधामका साथ मनाउन थालेको देखिन्छ । नेपालको साँस्कृत्तिक पहिचानको रुपमा विश्वमा यसले फरक छाप छोड्न सफल भएको कारण धार्मिक, सास्कृतिक, परम्परागत विविधतालाई विश्वभर पुऱ्याउन यस पर्वले थप सहयोग पुऱ्याएको देखिन्छ ।

**तिज पर्व हिजो र आज :**

पहिले पहिले सञ्चार, यातायात र शिक्षा चेतनाको अभावको कारण विवाह गरेर पठाएकी छोरी चेली आफ्नो घर व्यवहारमा नै केन्द्रीत हुने गर्दथे । बुहारी र सासुबिच फराकिलो सम्बन्ध हुने गर्दथ्यो । सासुहरु बुहारीका लागि तानशाहको रुपमा प्रस्तुत हुने गर्दथे । बुहारीलाई घरको काम देखाई माईत जान सहज तरीकाले दिइदैन्थ्यो । घरमै पुगेर अनुरोध गरेर भाका मागेर छोरी चेलीलाई माईत ल्याउनु पर्ने बाध्यात्मक अवस्था थियो । विशेष गरेर पञ्चमीको अर्को दिन चेलिबेटीलाई घरमा फर्कन पर्ने समय अवधि तोकिन्थ्यो । बुहारीले आफुलाई परेको अप्ठ्यारो कतै व्यक्त गर्न र सुनाउने ठाउँ हुँदैनथ्यो । तिज यस्तो पर्वको रुपमा थियो जुन बेला बुहारीले आफुलाई परेको पिर मर्का गीत मार्फत सुनाउने, बर्षौ नभेटिएका चेलीबेटीहरु भेट्ने दुखःसुखका कुरा गर्ने, मिठो मसिनो खाने अवसर प्रदान गर्दथ्यौं । सो समयमा तिज पर्वको महत्व विशिष्ट देखिन्थ्यो तर समय परिवर्तनशिल छ । नदीमा पानी धेरै बगिसकेको छ । त्यो विगतको परिस्थीती कथा जस्तो बन्न गएको छ । महिला अधिकार अनुकुलका व्यवहार प्रस्तुत हुन् थालेका छन्, समय महिलामैत्री बन्दै गएको छ , ऐन, नियम, कानुन सोहि अनुकुलको बन्न थालेको छ । मिठो खान, राम्रो लगाउन, आफ्ना कुरा राख्न, आफन्तसँग भेटघाट गर्न तिज पर्व नै कुर्नु पर्ने अवस्थाको अन्त्य भएको छ । अन्त्यसँगै नेपाली हिन्दु नारीले तिज पर्व मनाउने क्रममा आधुनिकता भित्र्याउदै गएको देखिन्छ । दुर्गम ग्रामीण क्षेत्रहरुमा यसको मौलिकता कतै भेटिएता पनि शहर तिर भने यो पर्वमा आधुनिकता भित्री सकेको छ भने यसले तिज पर्वको गित, नाच, दर, गरगहना कपडामा आदिमा परिवर्तन देखिएको छ । तिजको अघिल्लो दिन खाने दर दुई महिना अगाडि देखिनै होटल, रिसोर्ट र पाटी प्यालेसमा ठूलो रकम खर्च गरी खान थालिएको छ । दरमा मौलिकता हैन् आधुनिकता भित्रिएको छ । दरका नाममा मादक पदार्थ र विदेशी खाना खान थालिएको छ । तिजमा गाईने गितका शब्द र नाचमा आधुनिकता भित्रिएको छ । रहन सहन, भेषभुषा, गरगहनामा देखासिकी र प्रर्दशन प्रभाव परेको छ । दुख सुख साटासाट् गर्नु सट्टा धाक धक्कु लगाउने र खर्चिलो बन्दै गएको देखिन्छ । यहि कारण तिज पर्वको परम्परा र मौलिकता जोगाई पुस्ता हस्तान्तरण गर्ने कुरामा समस्या सिर्जना भएको देखिन्छ ।

*विगत केहि वर्षदेखि तिज पर्वलाई विकृत बनाउन र सस्तो लोकप्रीयताका लागि गाईने कलाकारका गीतले थप सहयोग पुऱ्याउन खोजेको देखिन्छ । यो वर्ष पनि विकृतिले निरन्तरता पाएको देखिन्छ । ओढ्यानले पोल्यो मलाई , तीन महिने सुहि जस्ता रतौलि र डिस्कोका गीत सार्वजनिक भए । तिजमा खाने दरमा रक्सी भित्रिएको छ, नाच छोटा कपडा लगाएर नाच्न थालिएको छ, मादल र थपडी बजाएर गाईने गीत डेग र क्यासेटमा घन्काउन थालिएको छ, चौपारी मन्दीरमा हैन् डिस्कोमा जम्मा हुन् थालिनु यस पर्वका विकृत पक्ष हुन् । तिज पर्वलाई पश्चिमी छाडा संस्कृतिसँग जोडेर खर्चिलो र भड्किलो, गरीब र धनीबिच दुरी बढाउने खालको बनाउन खोजिएको देखिन्छ । यस्ता क्रियाकलाप रोक्नका लागि राज्यले आवश्यक नीति बनाई समयमै ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।*

विगत केहि वर्षदेखि तिज पर्वलाई विकृत बनाउन र सस्तो लोकप्रीयताका लागि गाईने कलाकारका गीतले थप सहयोग पुऱ्याउन खोजेको देखिन्छ । यो वर्ष पनि विकृतिले निरन्तरता पाएको देखिन्छ । ओढ्यानले पोल्यो मलाई, तीन महिने सुहि जस्ता रतौलि र डिस्कोका गीत सार्वजनिक भए । तिजमा खाने दरमा रक्सी भित्रिएको छ, नाच छोटा कपडा लगाएर नाच्न थालिएको छ, मादल र थपडी बजाएर गाईने गीत डेग र क्यासेटमा घन्काउन थालिएको छ, चौपारी मन्दीरमा हैन् डिस्कोमा जम्मा हुन् थालिनु यस पर्वका विकृत पक्ष हुन् । तिज पर्वलाई पश्चिमी छाडा संस्कृतिसँग जोडेर खर्चिलो र भड्किलो, गरीब र धनीबिच दुरी बढाउने खालको बनाउन खोजिएको देखिन्छ । यस्ता क्रियाकलाप रोक्नका लागि राज्यले आवश्यक नीति बनाई समयमै ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

**निष्कर्ष :**

आधुनिकताका नाममा खर्चिलो र भड्किलो तिज पर्व होइन, मौलिक र परम्परागत तिज पर्वको अभ्यासको लागि महिला वर्ग नै लाग्नु पर्ने देखिन्छ । यो पर्वको मौलिक र विशिष्ट पहिचानलाई जोगाई आलोचना र विकृतिबाट बचाई पुस्ता हस्तान्तरण गर्ने दायित्व पनि उनीहरुकै काधमा रहेको छ । तिज गीत तिज गितकै रुपमा हुनुपर्दछ । यसले रतौलिको रुप लिनु हुँदैन् ।

होटल र रिसोर्टमा हैन्, विदेशी खाना र मादक पदार्थसँग हैन् हाम्रै परम्परा र पूर्खाले सुरुवात गरे अनुशार हुनुपर्दछ । कथित आधुनिकताको नाममा तिजको पहिचान नै गुम्ने स्थिति आउनु हुँदैन् । तिज पर्व मात्रै नभएर यो हाम्रा अमूल्य धरोहर पनि हो, विश्वमा नेपाललाई चिनाउने पहिचान पनि हो । सव्यता र संस्कृत्ति जोगाउनु हामी सबैको कर्तव्य पनि हो । तिज पर्व वि.स २०८१ को सम्पूर्ण नारी वर्गमा हार्दिक शुभकामना । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । मित्रबाट सहयोग मिल्नेछ । | **तुला** : सहयोगी हातहरू अघि बढ्नेछन् । पारिवारिक साथ र सद्भाव बढ्नेछ । |
| **बृष** : ताके अनुरूप काम नबन्नाले दिक्क लाग्ला । झुटा आरोप पनि खेप्नुपर्ला । | **बृश्चिक** : सामाजिक कार्यबाट सफलताको योग छ । जोशजाँगर बढ्नेछ । |
| **मिथुन** : शुभ समाचार सुन्न पाइनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। | **धनु** : कुनै समाचारले मनमा खुसी छाउनेछ । पारिवारिक सहयोग मिल्नेछ। |
| **कर्कट** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । | **मकर** : तनाव बढेको महसुस हुनेछ । आर्थिक पक्ष भने राम्रो हुने देखिन्छ । |
| **सिंह** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । इच्छाहरु पूर्ण हुनेछन् । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । अकस्मात् सफलता हात पर्न सक्छ । |
| **कन्या** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । प्रेममा मनमुटाव आउला । | **मीन** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । पढाई पनि राम्रो हुनेछ । |




# जिमेल खाताको स्टोरेज भरियो भने के गर्ने ?




जिमेलमा फाइल, फोटो र अन्य दस्तावेज राख्न १५ जीबी नि:शुल्क भण्डारण (स्टोरेज) उपलब्ध छ । तर, कहिलेकाहीँ यो प्रयोगकर्ताहरूको लागि अपुग हुन्छ ।

यस्तो अवस्थामा, तपाईं थप भण्डारण किन्न सक्नुहुन्छ । तर, यदि तपाईं भण्डारण किन्न चाहनुहुन्न भने तपाईंले उपलब्ध भण्डारणलाई व्यवस्थित गर्नुपर्छ ।

**नपढिएको इमेल मेटाउनुहोस्**

जिमेलमा धेरै इ-मेलहरू हुन्छन् जुन तपाईंले कहिल्यै नपढेको हुन सक्छ । यो नपढिएको इमेलले तपाईंको जिमेल भण्डारण पनि प्रयोग गर्छ । यस्तो अवस्थामा तपाईंले यी इमेलहरू डिलिट गर्नुभयो भने पनि तपाईंको जिमेल भण्डारण खाली राख्न मद्दत गर्नेछ ।

सबैभन्दा पहिले तपाईंले जिमेल इनबक्समा जानुपर्छ । अब तपाईंले ड्रप मेनुमा 'अनरिड' टाइप गर्नुपर्नेछ । यसपछि नपढिएको इमेल देखाइनेछ । यी इमेलहरू चयन गर्नुहोस् र तिनीहरूलाई मेटाउनुहोस् ।

**पुराना इमेल मेटाउनुहोस्**

तपाईं जिमेल भण्डारण खाली गर्न पुराना इमेल मेटाउन पनि सक्नुहुन्छ ।

पुराना वा काम नलाग्ने मेलले पनि जिमेलको भण्डारण अनावश्यक रूपमा प्रयोग गर्दछ । यस्तो अवस्थामा, तिनीहरूलाई मेटाएर तपाईं आफ्नो आवश्यकता अनुसार भण्डारण प्रयोग गर्न सक्नुहुन्छ ।

**ठूला इमेलहरू मेटाउनुहोस्**

यदि तपाईंसँग ठुला साइजको फाइल वा फोटोहरू समावेश भएको कुनै त्यस्तो इमेल छ भने, तपाईंले यसलाई मेटाउन सक्नुहुन्छ । ठुलो इमेल मेटाउनको लागि, तपाईंले इमेलमा यसको खोजी गर्नुपर्नेछ ।

इनबक्समा गएर, तपाईंले सर्चमा मेटाउन चाहनुभएको फाइलहरूको साइज प्रविष्ट गर्नुपर्नेछ । अब इमेलको स्क्रिनमा तपाईंको मापदण्ड अनुसार इमेलहरु देखाइनेछ । त्यसपछि तपाईंले मेटाउन चाहनुभएको इमेल चयन गर्नुहोस् । इमेल चयन गरेपछि, तपाईं मेटाउने विकल्प चयन गर्न सक्नुहुन्छ ।

*-रातोपाटी डटकम*

# मस्कलाई ब्रजिलका न्यायाधीशको चेतावनी



ब्राजिलको सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसले एलोन मस्कलाई २४ घण्टाभित्र आफ्नो सामाजिक सञ्जाल एक्सको तर्फबाट लागि कानुनी प्रतिनिधि नियुक्त गर्न आदेश दिएका छन् ।

न्यायाधिश मोरोसले मस्कले कानुन व्यवसायी नियुक्त नगरेमा सामाजिक सञ्जाल एक्सलाई देशव्यापी रुपमा निलम्बन गरिने चेतावनी दिएका छन् । सर्वोच्च अदालतको आफ्नो आधिकारिक एक्स अकाउन्टमार्फत एलोन मस्कलाई २४ घण्टाभित्र नयाँ कानुनी प्रतिनिधि नियुक्त गर्न समाह्वान जारी गरेको हो । 'सर्वोच्च अदालतका न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसले बुधबार राति व्यवसायी एवं सामाजिक सञ्जाल एक्सका प्रमुख एलोन मस्कलाई ब्राजिलमा २४ घण्टाभित्र कम्पनीको तर्फबाट नयाँ कानुनी प्रतिनिधि नियुक्त गर्न आदेश दिनुभएको छ', अदालतको आधिकारिक साइटमार्फत जानकारी गराइएको छ । 'सन् २०२४ अगस्ट १८ मा नै सामाजिक सञ्जालमा अदालतको आधिकारिक पोस्टमार्फत एक्सको तर्फबाट नियुक्त गरिएको कानुन व्यवसायीलाई अदालतमा उपस्थित हुनका लागि समाह्वान जारी गरिएको थियो ।'

सर्वोच्च अदालतले न्यायप्रक्रियामा बाधा पुर्याएमा ब्राजिलमा सामाजिक सञ्जाल एक्सको सञ्चालन निलम्बन हुने चेतावनी दिएको छ । मोरेसले न्यायामा बाधा पुर्याएकोसहित अन्य आरोपमा मस्कलाई अनुसन्धानको दायरामा राखेका छन् ।

यस वर्षको सुरुमा ब्राजिलको सर्वोच्च अदालतका न्यायाधीश मोरेसले न्यायाधीश मोरेसले एक्सका विभिन्न खाताबाट दुष्प्रचार फैलाएको आरोप लगाउदै केही खाता बन्द गर्न आदेश दिएपछि विवाद सुरु भएको हो । तर एक्सका प्रमुख मस्कले ब्राजिलका न्यायाधीशको आदेशलाई चुनौती दिँदै पुराना केही खातामाथिको प्रतिबन्ध हटाएका थिए । *-हाम्राकुरा डटकम*

# एआई इमेज जेनेरेसन मोडल अपडेट गुगलको घोषणा


गुगलले एक महिना लामो अन्तरालपछि आफ्नो जेमिनी एपमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) इमेज जेनेरेसन मोडल अपडेट भएको घोषणा गरेको छ ।

गुगल जेमिनी एप एआई सहायक प्रविधि हो । यसले रचनात्मकता र उत्पादकतालाई 'सुपर चार्ज' गर्न मद्दत गर्ने सक्नेछ । यो आधिकारिक अनुप्रयोग नि:शुल्क छ । गुगलले यो वर्षको सुरुमा उक्त सुविधा रोकेको थियो । यो एआई 'टेक्स्ट-टु-इमेज जेनेरेटर इमेजेन-३' उन्नत मोडेलमा सर्ने गुगलले पुष्टि गरेको छ । यो गत मेमा विकासकर्ता सम्मेलनमा पहिलोपटक घोषणा गरिएको थियो । अपडेट गरिएको उक्त संस्करणमा 'फोटोरियलिस्टिक ल्यान्डस्केप' र टेक्स्ट कमान्डमार्फत चित्र सिर्जना गर्ने क्षमता पनि समावेश छ ।

फोटोरियलिस्टिक ल्यान्डस्केप एक प्रक्रिया हो, जसमा थ्रीडी मोडेलबाट छवि (चित्र) विकास गर्न सकिन्छ ।

*-रासस/क्यूएनए*

# फ्रान्समा किन समातिए टेलिग्राम सीईओ पावेल ?



सोसल मिडिया प्लाटफर्म टेलिग्रामका संस्थापक तथा सीईओ पावेल ड्युरोभ शनिबार बेलुकी फ्रान्समा पक्राउ परे । आफ्नो निजी जेट विमानबाट अजरबैजान जाने क्रममा फ्रान्सको बार्गेट विमानस्थलमा ड्युरोभलाई पक्राउ गरिएको हो ।

चर्चित सोसल मिडिया प्लाटफर्मका सीईओ पक्राउ परेसँगै विश्व प्रविधि जगतमा तरङ्ग पैदा भएको छ । आखिर उनलाई किन पक्राउ गरियो ? समाचार अनुसार टेलिग्राममा प्रकाशित हुने सामाग्री व्यवस्थापन ( कन्टेन्ट मोडेरेसन) सम्बन्धी एक प्रहरी अनुसन्धानका सिलसिलामा उनी पक्राउ परेको बताइएको छ । प्रारम्भिक अनुसन्धानमा त्यस्ता मोडेरेटर कर्मचारीको कमीका कारण मेसेजिंग एप टेलिग्राममा आपराधिक गतिविधिहरु निर्बाध रुपमा सञ्चालन भईरहेको पाइएको छ । टेलिग्राम सीईओ पावेलको गिरृतारीसँगै विभिन्न खालका अड्कलबाजीहरु सुरु भएका छन् ।

**को हुन् पावेल ड्युरोभ ?**

रुसमा जन्मिएका पावेलले सन् २०१३ मा आफ्ना भाईसँग मिलेर मेसेजिङ्ग प्लाटफर्म टेलिग्रामको सुरुवात गरेका थिए । त्यसपछि रुस सरकारले उनको ख्प्यलतबपतभ एपमा विरोधी पार्टीहरुको समूहलाई बन्द गर्ने निर्णय गरेको थियो, जसलाई उनले स्वीकार गरेनन् । त्यसपछि सन् २०१४ मा उनले रुस छाडे । पावेल ड्युरोभको कूल सम्पत्ति १५ अर्ब ५० करोड डलर रहेको छ । रोयटर्सका अनुसार उनले अमेरिकी पत्रकार टकर काल्ट्रसनसँग एक अन्तरवार्ताका क्रममा आफूले कसैको आदेश मान्नुको साटो स्वतन्त्र रहन मन पराउने बताएका थिए । त्यसैले उनले आफ्नो मुलुक रुस छाडे र कम्पनीका लागि दोश्रो ठाउँको खोजी गरे । रुस सरकारले आफूमाथि दबाब बनाउन चाहेको भएपनि आफूले टेलिग्रामलाई निष्पक्ष राख्ने र त्यसलाई भूराजनीतिको मोहरा बन्न नदिने उनले बताउँदै आएका छन् । यद्यपि विभिन्न देशमा डेटा सुरक्षाको मुद्दाले पनि टेलिग्राम विवादित बनेको छ । फेसबुक, युट्युब, ह्वाट्सएप तथा इन्स्टाग्राम जस्तै लोकप्रिय रहेको टेलिग्रामका प्रयोगकर्ता ९५ करोड रहेका छन् । टेलिग्राममा कैयन् यस्ता फिचरहरु छन् जुन अरुमा उपलब्ध छैनन् ।

**रुस युक्रेन युद्धमा टेलिग्रामको आवश्यकता**

सन् २०२२ मा रुस र युक्रेनबीचको युद्धका क्रममा टेलिग्राम नै सूचनाको मूख्य श्रोतको रुपमा प्रयोग भयो । टेलिग्राममै दुवै पक्षबाट सम्पादन नगरिएका कोरा जानकारीहरु प्रेषित गरियो । यद्यपि त्यसमध्ये केही गलत जानकारीहरु पनि थिए । सो सन्दर्भमा विज्ञहरुले टेलिग्रामलाई भर्चुअल युद्ध मैदानको उपमा दिए ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उनका अधिकारीहरुसँगै रुस सरकारले पनि टेलिग्रामको व्यापक प्रयोग गर्ने गरेको छ । रुसी सरकारले टेलिग्रामलाई सूचना प्रवाहका साथै गलत जानकारीहरुको खण्डका लागि समेत उपयोग गर्ने गरेको छ । यद्यपि रुसले सन् २०१८ बाटै टेलिग्राममा प्रतिबन्ध लगाउन सुरु गरेको थियो । टेलिग्रामले अदालतको आदेश मान्न अस्वीकार गरेको भन्दै रुस सरकार उसप्रति कठोर बनेको थियो। प्रतिबन्धका बाबजुत रुसमा स्वयं सरकारले समेत टेलिग्राम प्रयोग गर्दै आएको छ ।

यसैबीच रुसको विदेश मन्त्रालयले फ्रान्समा पक्राउ परेका आफ्ना नागरिक ड्युरोभको अवस्थाबारे आफ्नो पेरिसस्थित राजदूतावासबाट एकिन गर्ने प्रयास भईरहेको जनाएको छ ।

**युरोप छाड्दै अन्य सोसल मिडिया प्लाटफर्मका सीईओ**

टेलिग्रामका सीईओ पावेल फ्रान्समा पक्राउ परेसँगै अर्को लोकप्रिय सोसल मिडिया प्लाटफर्म रम्बलका सीईओ क्रिस प्याभ्लोभ्स्कीले युरोप छाडेका छन् । एक्समा एक पोस्ट गर्दै उनले केही ढिलो भएपनि सुरक्षित रुपमा युरोप छाडिसकेको जानकारी गराएका छन् । सन् २०१३ मै स्थापना भएको अनलाइन भिडियो शेयरिंग प्लाटफर्म रम्बलमा गेमिंग, संगीत, समाचार तथा पडकास्ट आदिको सुविधा रहेको छ ।

फ्रान्सले रम्बललाई पनि दबाउने प्रयास गरेको र टेलिग्रामका सीईओलाई पक्राउ गरेर हद पार गरेको उनले बताएका छन् । आफू वाक स्वतन्त्रताको पक्षमा रहेको र फ्रेन्च अदालतमा त्यसका लागि लडाइँ लड्ने उनले बताएका छन् ।

*-अनलाइनखबर डटकम*

# एक्समाथि प्रतिबन्ध लागेपछि ब्लुस्कीको प्रयोग बढ्यो



ब्राजिलको अदालतले सामाजिक सञ्जाल प्लेटफर्म एक्समाथि प्रतिबन्ध लगाएपछि प्रतिद्वन्द्वी एपलाई फाइदा पुगेको छ ।

माइक्रोब्लगिङ प्लेटफर्म ब्लुस्कीले शुक्रबार दुई दिनमा पाँच लाखभन्दा बढी प्रयोगकर्ता दर्ता भएको जनाएको छ । ब्राजिलमा फ्रि आईफोन एप चार्टमा ब्लुस्की आइतबार नम्बर १ मा पुगेको बताइएको छ ।

सन् २०१९ मा खुला, विकेन्द्रीकृत प्लेटफर्मका रूपमा सुरु भएको ब्लुस्कीलाई सुरुमा ट्विटरका संस्थापक ज्या डोर्सीले सुरु गरेका थिए । उनले अहिले यसको बोर्ड छोडिसकेका छन् । एक्सका मालिक एलन मस्कले ब्राजिलको सर्वोच्च अदालतले केही अकाउन्ट ब्लक गर्न आग्रह गरेको विषय अस्वीकार गरेका थिए ।

त्यसपछि एक्सले त्यहाँस्थित आनो कम्पनी बन्द गरेको थियो । कम्पनी बन्द भएसँगै ब्राजिलले एक्समाथि प्रतिबन्ध लगाएको हो ।

*-बाह्रखरी डटकम*

# गुल्मीमा लक्ष्य भन्दा कम राजस्व संकलन



**तेजेन्द्र कुमार श्रेष्ठ**

**गुल्मी,** भदौ १७ /जिल्लामा लक्ष्य भन्दा कम राजस्व संकलन भएको छ । आर्थिक वर्ष २०८०/२०८१ को अवधिमा करदाता सेवा कार्यालय गुल्मीले १४ प्रतिशत कम राजस्व संकलन गरेको हो । सो अवधिमा ४६ करोड ४४ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा जम्मा ३९ करोड ८५ लाख ३३ हजार मात्र राजस्व संकलन गरिएको कार्यालयका प्रमुख कर अधिकृत सुरज बस्यालले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०८०/२०८१ को अवधिमा आयकरतर्फ २३ करोड ६ लाख ८० हजार, मूल्य अभिवृद्धि कर (भ्याट)तर्फ १५ करोड ८३ लाख ९२ हजार र अन्तशुल्क तर्फ ९४ लाख ५८ हजार रुपियाँ राजस्व सङ्कलन भएको हो । आर्थिक वर्ष २०७९/२०८० को तुलनामा कार्यालयले आठ दशमलव ५ प्रतिशत बढी अर्थात राजस्व सङ्कलन भएको प्रमुख कर अधिकृत बस्यालले बताए ।

कार्यालयले गत आर्थिक वर्ष २०७९/२०८० को तुलनामा तीन करोड १२ लाख ९१ हजारले बढी राजस्व संकलन गरेपनि आर्थिक वर्ष २०८०/२०८१ मा लक्ष्य गरिएको राजस्व रकम देशव्यापी रुपमा देखिएको आर्थिक मन्दी र बसाइसराइको असरले जिल्लामा रहेका व्यापारिक प्रतिष्ठान र उद्योगमा समेत परेको कारणले संकलन गर्न भने सकेन । अघिल्लो आर्थिक वर्षसम्म दुई करोड भन्दा बढी मूल्य अभिवृद्धि कर (भ्याट)बक्यौता रहेकोमा करदाता सेवा कार्यालयले गत आर्थिक वर्ष २०८०/२०८१ मा एक करोड मूल्य अभिवृद्धि कर(भ्याट) बक्यौता घटाएको छ । जिल्लामा २०७७ सालमा करदाता सेवा कार्यालयको स्थापना भइ सेवा सुरु भएसँगै कर तिर्नकै लागि व्यवसायीलाई बुटवल,पाल्पा जानुपर्ने बाध्यताको अन्त्य भएको गुल्मी उद्योग वाणिज्य संघका अध्यक्ष ईश्वरीप्रसाद पौडेलले बताए । जिल्लमा करदाता सेवा कार्यालय स्थापना संगै जिल्लाका विभिन्न बजार क्षेत्रमा रहेका उद्योगी,ब्यापारी अन्य सेवाका धेरै ब्याक्ति,फर्महरु समेत करको दायरामा आएको उद्योग वाणिज्य संघका अध्यक्ष पौडेलले बताए ।

# मनाइयो सोमबारे औँसी



**पाल्पा,** भदौ १७/सोमबारे औँसी मनाइएको छ । सोमबार बिहान मौन स्नान गरी औंसी मनाइएको हो ।

सोमबार औँसी परेका दिन बिहान नबोली स्नान गर्ने वैदिक सनातन धर्मावलम्बीको प्राचीनकालदेखिको परम्परा रहिआएको छ । भाद्र कृष्ण औँसी सोमबार परेको हो । सोमबार औँसी परेका दिन बिहान उठेर नबोलिकन स्नान गरे मनोकांक्षाषा पूरा हुने शास्त्रीय मान्यता छ । वर्षमा दुईदेखि तीन पटकसम्म सोमबारे औँसी पर्ने गर्दछ । सोमबारे औँसी परेका दिन बिहान नबोली स्नान गरेमा दाम्पत्य जीवन सुखमय हुने तथा अक्षय फल प्राप्त हुने विभिन्न ग्रन्थमा उल्लेख गरिएको छ । औँसी तिथि श्राद्ध, तर्पणका लागि पनि महत्वपूर्ण मानिन्छ । सोमबार औँसी परेका दिन मातापिता हुने नहुने सबैले बिहान स्नान गर्नु उचित मानिन्छ । प्रत्येक महिनामा आउने औँसीलाई विशेष पर्वका रुपमा मनाउने वैदिक सनातनी परम्परा रहीआएको छ । भाद्र कृष्ण औँसीका दिन घर घरमा वर्षभर देवकार्य एवं पितृकार्यका लागि महत्वपूर्ण मानिने कुश भित्र्याइँदै छ । यसै दिन पिताप्रति सम्मान भाव प्रकट गरी पितृ सम्मान दिवस मनाइँन्छ । माता, पिता नहुनेले भने औँसी पर्वका दिन श्राद्ध, तर्पण, सिदा दानलगायत गरी मनाउँछन् । यसका लागि सोमबार परेको औँसी विशेष रुपमा मानिने गरेको पाइन्छ ।

# काँग्रेस पाल्पाले दिवंगत...

...काँग्रेसमा सादगी नेताको रुपमा परिचित उनी प्रजातन्त्रको पुर्नस्थापनाका निम्ति वि.सं. २०१७ देखि २०४६ सालसम्म भएका विभिन्न आन्दोलनहरुमा नेतृत्वदायी भूमिका खेलेका थिए ।

वि.सं. २०४२ को सत्याग्रहदेखि २०४६ सम्मका जनआन्दोलनमा कोइराला अग्रमोर्चामै रहेर काम गरे । आन्दोलनका क्रममा पटक-पटक जेल जीवन विताएका उनी प्रजातान्त्रिक आन्दोलनको मोर्चामा जहिल्यै निडर, प्रखर, अग्रणी र बफादार भूमिकामा रहे । बैंठकमा काँग्रेस निवर्तमान जिल्ला सभापति तथा प्रदेश सांसद एवं पूर्व मन्त्री वीरबहादुर राना, काँग्रेसका पूर्व केन्द्रीय सदस्य राजनप्रसाद पन्त लगायत काँग्रेस नेताहरुले नेपाली कांग्रेसको संगठन निर्माण र लोकतान्त्रिक आन्दोलनहरूमा स्व. कोइरालाले निर्वाह गरेको सक्रिय भूमिका पार्टीमा सदा स्मरणीय रहिरहने बताए । पार्टी सभापति हिमालदत्त श्रेष्ठको सभापतित्व, सचिव सुनिता अधिकारीको सञ्चालनमा बैंठक भएको थियो ।

खेलकुद समाचार

## बाग्मतीले सुदूर पश्चिमलाई हरायो




**काठमाडौं,** भदौ १७/एन्फा महिला लिग फुटबलमा बाग्मती प्रदेशले सुदूरपश्चिम प्रदेशलाई हराएको छ । ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्सको मैदानमा आज भएको खेलमा बाग्मतीले सुदूरपश्चिमलाई ५-१ गोलले हराएको हो ।बाग्मतीका लागि अस्मिता खवाशले ह्याट्रिक गरिन् । यस्तै सहारा लिम्बु र आरती भुजेलले समान एक गोल गरे । सुदूरपश्चिमका लागि तुल्छा बोहराले एक गोल फर्काइन् । प्रतियोगितामा मंगलबार रौतहटको चन्द्रपुर नगरपालिका र कर्णाली प्रदेश खेल्दैछन् । एन्फा महिला लिगमा १० वटा टोली सहभागी छन् । प्रतियोगिताको पहिलो चरणमा सबै टोलीले एकअर्कासँग खेल्नेछन् । पहिलो चरणमा शीर्ष ५ मा रहने टोलीबीच फेरि डबल राउन्ड रोबिनका आधारमा सुपर लिग खेलाइने छ । सुपर लिगमा उत्कृष्ट चार टोलीबीच क्वालिफायर, इलिमिनेटर र फाइनल हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ पुरस्कार पाउनेछन् । यसैगरी लिगको सर्वोत्कृष्ट खेलाडीले एक लाख, फेयर प्ले टोलीले एक लाख ५० हजार र विधागत उत्कृष्ट टोलीलाई जनही ५० हजार रुपैयाँ दिने एन्फाले जनाएको छ ।

## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिको वर्ष ३० अंक ४८, मिति २०८१/०५/१७ गते प्रकाशित पहिलो पृष्ठको मुख्य समाचारको मोहन कन्याले मनायो ७४ औं वर्ष शिर्षक हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । स.

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से उच्च अङ्कले वृद्धि



**पाल्पा,** भदौ १७/सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार उच्च अंकले वृद्धि भएको छ । एक सय २७ दशमलव ३२ अङ्कले नेप्से वृद्धि भएको हो ।

नेप्से बढेसँगै दुई हजार आठ सय २३ दशमलव २५ मा पुगेको छ । यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २२ दशमलव ९४ अङ्ले उकालो लागेर पाँच सय तीन दशमलव ८३ मा पुगेको छ । कूल तीन करोड १४ लाख ३० हजार ४८ कित्ता शेयर १३ अर्ब १० करोड ४६ लाख ३१ हजार आठ सय दुईमा कारोबार भयो । नेप्सेका अनुसार, नेशनल हाइड्रोपावर, वेस्ट फाइनान्स, समृद्धि फाइनान्स, प्रोग्रेसिभ फाइनान्स र एनएलजी इन्स्योरेन्स कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । लक्ष्मी उन्नति कोष चार दशमलव ७१,माईखोला हाइड्रोपावर तीन दशमलव ५९, एनआइसी एसिया फ्लेक्स एक दशमलव ८७, सनराइज फोकस्ड इक्विटी फण्ड एक दशमलव ८१ र सामुदायिक लघुवित्तका लगानीकर्ताले एक दशमलव ६१ प्रतिशतले गुमाएका छन् ।

अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि बढेको हो । उक्त दिन कारोबारमा आएका १३ वटा उपसमूहमध्ये सबैको परिसूचक बढेपछि समग्र नेप्सेको वृद्धिमा टेवा पुगेको हो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई